आ.व. २०८३।०८४
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं ०५।०८३।०८४
मिति:-२०८३।०७।१६ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको १२.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

उपस्थिति	नाम थर	पद	ठेगाना	कार्यपालिका
	श्री सन्तोषलाल श्रेष्ठ	नगर प्रमुख	ता.न.पा. २	अध्यक्ष
	श्री प्रतिक्षा सिजाली	नगर उपप्रमुख	ता.न.पा. ४	सदस्य
	श्री यादव सिह कार्की	वडा अध्यक्ष (प्रवक्ता)	ता.न.पा.११	सदस्य
	श्री सुनिल कुमार बस्याल	वडा अध्यक्ष	ता.न.पा. १	सदस्य
	श्री महेश्वर श्रेष्ठ	वडा अध्यक्ष	ता.न.पा २	सदस्य
	श्री वाबुरत्न शाक्य	वडा अध्यक्ष	ता.न.पा ३	सदस्य
	श्री हेमन्तराज शाक्य	वडा अध्यक्ष	ता.न.पा. ४	सदस्य
	श्री राम वहादुर रावल	वडा अध्यक्ष	ता.न.पा ५	सदस्य
	श्री सागरमान महर्जन	वडा अध्यक्ष	ता.न.पा.६	सदस्य
	श्री प्रदिप खनाल	वडा अध्यक्ष	ता.न.पा ७	सदस्य
	श्री सोमनाथ अर्याल	वडा अध्यक्ष	ता.न.पा.८	सदस्य
	श्री राजेश कुमार अर्याल	वडा अध्यक्ष	ता.न.पा.९	सदस्य
	श्री हिमलाल पंगेनी	वडा अध्यक्ष	ता.न.पा.१०	सदस्य

श्री मेजर सिंह केरी	वडा अध्यक्ष	ता.न.पा.१२	सदस्य
श्री टुकप्रसाद भट्टराई	वडा अध्यक्ष	ता.न.पा.१३	सदस्य
श्री शोभाकर भट्टराई	वडा अध्यक्ष	ता.न.पा.१४	सदस्य
श्री लक्ष्मी नेपाल	कार्यपालिका सदस्य	ता.न.पा. १	सदस्य
श्री मन्जु वि.क	कार्यपालिका सदस्य	ता.न.पा. १	सदस्य
श्री सविता भट्टराई	कार्यपालिका सदस्य	ता.न.पा. २	सदस्य
श्री पुजा रावल	कार्यपालिका सदस्य	ता.न.पा. ५	सदस्य
श्री लक्ष्मी विश्वकर्मा	कार्यपालिका सदस्य	ता.न.पा. ५	सदस्य
श्री दिनेश गन्धर्व	कार्यपालिका सदस्य	ता.न.पा. ६	सदस्य
श्री संजय घले	कार्यपालिका सदस्य	ता.न.पा. ४	सदस्य
श्री अनु रामदाम	कार्यपालिका सदस्य	ता.न.पा. १०	सदस्य
श्री चेतनाथ गिरी	प्रमुख प्रशासकीय अधिकृत	ता.न.पा.का	सचिव
श्री सुनिता डंगेल	वडा अध्यक्ष	वडा नं ६	

निर्णय नं १

मिति २०८३।०६।२१ गते भएको तानसेन नगरपालिका नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं २

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. १८२६६ मिति २०८३।६।२५ को पत्र बारे बैठकमा जानकारी भयो । सो सम्बन्धमा आवश्यक अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय

राम बहादुर रावल वडा अध्यक्ष ५	संयोजक
पुजा रावल कार्यपालिका सदस्य	सदस्य
लक्ष्मी विश्वकर्मा, कार्यपालिका सदस्य	सदस्य
रामचन्द्र मरासिनी, लेखा अधिकृत	सदस्य
मधुसुदन घर्ति प्रशासकीय अधिकृत	सदस्य
शिव शर्मा ई	सदस्य
भरत प्रसाद आचार्य प्रशासकीय अधिकृत	सदस्य सचिव

निर्णय नं ३

तानसेन नगरपालिकाको स्थापना दिवसको सम्बन्धमा नगरपालिका गठन/स्थापना मिति एकिन गरी स्थापना दिवस मनाउने सम्बन्धमा सत्य तथ्य बुझि तथ्य र प्रमाणका आधारमा आवश्यक राय सुझाव सहितको प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको समिति गठन गरी आवश्यक कार्यप्रकृया अगाडि बढाउने निर्णय गरियो ।

देहाय

श्री प्रतिक्षा गाहा सिंजाली नगर उपप्रमुख	संयोजक
श्री सोमनाथ अर्याल वडा अध्यक्ष ८	सदस्य
श्री महेश्वर श्रेष्ठ वडा अध्यक्ष २	सदस्य
श्री डा.शंकर गैरे उपप्राध्यापक (त्रि.ब.क्या)	सदस्य
श्री निर्मल श्रेष्ठ इतिहास विद	सदस्य
श्री अर्चना शाक्य उपप्राध्यापक (त्रि.ब.क्या)	सदस्य
श्री भरत प्रसाद आचार्य, प्रशासकीय अधिकृत	सदस्य सचिव

निर्णय नं ४

तानसेनको रैथाने सम्बन्धी (नेवारी, खस आर्य, मगर र दलित) को कार्यपत्र सम्पादन गर्ने सम्बन्धमा तानसेन नगर प्रज्ञा प्रतिष्ठानलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं ५.

सडक बोर्ड नेपालको प्राप्त पत्र बारे बैठकमा जानकारी भयो । सो अनुसार आ.व. २०८३।०८४ मा देहाय बमोजिमको योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय

सडकबोर्ड नेपालबाट प्राप्त रकम रु.६९,००००। र नगरपालिकाबाट लागत सहभागिता गर्नुपर्ने ३० प्रतिशत रकमबाट बाँसटारी, ठाँटी अम्ल्याहान सडक मर्मत, ता.न.पा. ५ बतासेडाडा देखि दुङ्गाखानी सडक मर्मत र ता.न.पा. ८ शारदा मा. वि. देखि गुन्द्रेखोल्सा पिच सडक मर्मत कार्य

देवनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

गर्ने र लागत सहभागिता गर्नुपर्ने रकम ता.न.पा को **सडकबोर्ड साझेदारी शिर्षकवाट** खर्च गर्नेगरी विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय तानसेन पाल्पाको सघन शहरी विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्राप्त च.न. २१८ मिति मिति २०८३।०६।२१ प्राप्त पत्र र शहरी विकास तथा भवन निर्माण विभाग शहरी पुर्वाधार विकास शाखा काठमाण्डौको च.नं. ०६ मिति २०८३।०६।०५ को शहरी सडक स्तरोन्नती मर्मत तथा सडक सुरक्षा कार्यान्वयन कार्यविधि २०८३ समेत प्राप्त पत्र बारे बैठकमा जानकारी भयो । सो सम्वन्धमा सवै वडाहरुवाट २०८३ कार्तिक मशान्त भित्र आयोजना माग गरी पूर्वाधार विकास समितिको सिफारिस सहित आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

चौथो तानसेन कृषि, रोजगार, पर्यटन उद्योग र व्यापार मेला सञ्चालनको लागि गत वर्षमा भएको ठेक्का अंक समेतको आधारमा रु. १ करोड (कर सहित) रकम न्युनतम् कायम गरी मिति २०८३ साल माघ ८ गते देखी १८ गते सम्म सञ्चालन गर्ने निर्णय गरियो । साथै सोको लागि आवस्यक बोलपत्रको प्रकृया अगाडि वढाउन राजश्व शाखालाई निर्देशन दिने र मेला सञ्चालनको क्रममा आवस्यक सहजिकरण, समन्वय, मेला अनुगमन, सुपरिवेक्षण लगायत आवस्यकता अनुसार कार्यहरु गर्न देहाय वमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यका लागि नगरविकास योजनाको **क्र.स. १०३ नगरस्तरीय मेला महोत्सव शिर्षकवाट** रु. २००००। खर्च गर्नेगरी विनियोजन गर्ने निर्णय गरियो ।

श्री यादव सिंह कार्की	नगर प्रवक्ता	संयोजक
श्री हेमन्तराज शाक्य	वडा अध्यक्ष ४	सदस्य
श्री मेजर सिंह केसी	वडा अध्यक्ष १२	सदस्य
श्री रामचन्द्र मरासिनी	लेखा अधिकृत	सदस्य
श्री भरत प्रसाद आचार्य	प्रशासकीय अधिकृत	सदस्य
श्री राम प्रसाद श्रेष्ठ	इन्जिनियर	सदस्य
श्री प्रकाश गैरे	सूचना प्रविधि अधिकृत	सदस्य
श्री रामजी बहादुर कार्की	ब.प्रशासन सहायक	सदस्य

निर्णय नं. ८

तानसेन नगरपालिकाको कृषि हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय गरियो । साथै सोही कार्यविधी बमोजिम टुडिखेलको दक्षिण पश्चिम तर्फ रहेको स्थानलाई कृषि हाटवजार सञ्चालन गर्न अर्को व्यवस्था नभएसम्मका लागि प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

तानसेन नगरपालिका अन्तर्गत रहेका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको अभिलेखीकण गर्न तथा सम्पदा सुरक्षण गर्नका लागि छुट्टै शाखा/ईकाईको आवश्यकता भएकोले नगर कार्यपालिकाको कार्यालय घर नक्शा शाखा अन्तर्गत ईकाइको व्यवस्थापन गर्ने र सोको लागि एकजना प्राविधिक ईन्जिनियरलाई इकाई प्रमुख तोक्ने निर्णय गरियो ।

प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. १०

तानसेन नगरपालिकाको स्थानीय आयोजना बैंक व्यवस्थापन सम्वन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

तानसेन नगरपालिका र द एशिया फाउण्डेशनको संयुक्त आयोजनामा सञ्चालन हुने स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गतको अन्तरपालिका स्तरीय सिकाइ आदान प्रदान कार्यक्रम २०८३ साल मंसिर १२ गतदेखि सञ्चालन हुने वैठकमा जानकारी भयो । सो सम्वन्धमा अतिथि सत्कार, स्वागत, उद्घाटन, र अन्य व्यवस्थापनका लागि निम्नानुसारको पदाधिकारीहरुलाई जिम्मा दिने साथै थप कर्मचारीहरु परिचालनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

१ श्री प्रतिक्षा गाहा सिंजाली नगर उपप्रमुख	अतिथि स्वागत सत्कार मञ्च व्यवस्थापन र उपहार
२ श्री यादव सिंह कार्की नगर प्रवक्ता	उद्घाटन कार्यक्रम र हल व्यवस्थापन
३ श्री सागरमान महर्जन वडा अध्यक्ष ६	यातायात तथा अवलोकन होटल वसोवास र खाना ।

निर्णय नं. १२

तानसेन नगरपालिकाको आय व्यय विवरण अन्तर्गत चालु आ.व.मा आम्दानी तर्फ हालसम्मको रु.२८,३८,६६,४३४.७८ र खर्च तर्फ रु.१७,३०,१८,३२५.१२ जसमध्ये आन्तरिक आम्दानी १६४,२६,४४३.४४ बारे बैठकमा जानकारी भयो । साथै उक्त आय व्यय विवरण सार्वजनीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

तानसेन नगरपालिका अन्तर्गत सवै वडाका कच्चि बाटो विपद्को कारण क्षती भएको स्थानहरुमा मर्मत सम्भार एवं नियमित सरसफाई तथा खाल्टाखुल्टी व्यवस्थापन गर्न सम्वन्धित वडाको वडा स्तरीय बजेटमा व्यवस्था भएको विपद् व्यवस्थापन तथा सडक सरसफाई, मर्मत सम्भारको रकमबाट भुक्तनी दिने र रकम नपुग भएमा नगर स्तरीय बजेट अन्तर्गत आ..व. २०८३।०८४ को **विपद् व्यवस्थापन कोष** शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

मिति २०८३।०५।१० गते भोटेकोशी नदिमा आएको वाढीमा परी मृत्यु भएका व्यक्तिहरु मध्ये शव व्यवस्थापनका लागि पाल्पामा आएका ८ वटा शव व्यवस्थापन गर्दा खर्च भएको रकम रु. १५,५८९।२९ (कर सहित) भुक्तानीका लागि जिल्ला प्रहरी कार्यालयको च.नं. ६८५ मिति २०८३।०७।११ को पत्रबाट अनुरोध भएकोमा चालु आ.व.को विपद व्यवस्थापन कोष शिर्षकबाट सम्बन्धित व्यवसायीको खातामा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १५

दमकडा ब्रदर्श फुटबल क्लब ता.न.पा ९ द्वारा आयोजित दमकडा माण्डव्य ऋषि कप २०८३ ता.न.पा वडा नं. ९ दमकडामा यही कार्तिक १५ गते देखि सञ्चालन भएको र उक्त फुटवल खेलको सहयोग तथा विकासका लागि तानसेन नगरपालिकाको आ.व. ०८३।०८४ को खेल सहभागिता, खेल सामाग्री व्यवस्थापन, क्षमता विकास तालिम , खेल सहयोग शिर्षक वाट रु. ५०,००० विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. १६

तानसेन डान्स एकाडेमीले Palpa Dance Idol २०८३ सञ्चालन गर्नका लागि सहयोग माग गरेकोमा स्थानीय बाल बालिका तथा युवाहरुको सीप, कला तथा संस्कृतिको बिकास र जगेर्ना हुने देखिदा Palpa Dance Idol २०८३ कार्यक्रमको लागि ता.न.पा. को कला संस्कृति शिर्षकबाट रु.२०,०००। विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १७

गुल्मी जिल्ला स्थित रुरुक्षेत्र गाउँपालिकाको अग्रसरतामा गुल्मी, पाल्पा र स्याङ्गजा जिल्लाको संगमस्थल रुरुक्षेत्र धाम रिडीमा मिति २०८३ माघ १ गते देखि २९ गतेसम्म महास्नान मेला २०८३ सञ्चालन गरी रुरुक्षेत्र धामको प्रचार प्रसार धार्मिक तथा सांस्कृतिक महत्व र पर्यटन विकासमा सहयोग पुऱ्याउने उद्देश्यले माघ महिना भर महास्नान मेला आयोजना हुने भएकोले तानसेन नगरपालिकाबाट उक्त कार्यक्रमलाई सहयोग गर्नेगरी कार्यपालिका बैठकमा जानकारी भयो ।

निर्णय नं. १८

तानसेन नगरपालिका वडा नं. १४ रुरुक्षेत्र धाम रिडीमा २०८३ मंसिर ५ गते रथयात्रा सहित ऋषिकेश सिन्दुर जात्राका लागि विगतमा जस्तै यस वर्षपनि उक्त दिन तानसेन नगरपालिका र अन्तर्गतका कार्यालयहरु, शैक्षिक संस्थाहरु एवं संघसंस्थाहरुमा स्थानीय सार्वजनिक बिदा दिने र सम्पुर्ण नगरवासीहरुलाई उक्त रथयात्रामा सहभागि हुन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

तानसेन नगरपालिकाको अभिलेख व्यवस्थापन तथा वडा कार्यालयहरु, सामुदायिक स्वास्थ्य ईकाईमा फर्निचर व्यवस्थापन र श्रीनगर पारिलेक वनको पार्क क्षेत्रमा रङ्गरोगन तथा मर्मत गर्नका लागि नगर प्रमुखको सचिवालय रहेको स्थानमा च्याक सहित फर्निचर निर्माण गर्न रु.२,५०,०००। वडा नं. ११ को सामुदायिक स्वास्थ्य ईकाई फर्निचर र सामाग्री व्यवस्थाप्रनका लागि रु १,५०,०००। , वडा नं. १ वडा कार्यालय भवन फर्निचर व्यवस्थापनका लागि रु.२,००,०००। श्रीनगर पारिलेक वनको रङ्गरोगन र मर्मतका लागि रु. ५०,०००। र वडा नं. ८ को फेर्निचर व्यवस्थापन गर्न रु. ५०,०००। गरी जम्मा रु. ७,००,०००। **मेयर पूर्वाधार कार्यक्रम** शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

तानसेन नगरपालिकाका सबै वडाहरु भित्र रहेका खेल मैदान, कवर्डहल, भलिवल कोर्ट लगायतका मैदानहरुको अभिलेखिकरण, सूचीकरण गरी खेल विधा अनुसारको खेल मैदान पहिचान तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति गठन गरी तथ्याङ्क सहित प्रतिवेदन पेश गर्न जिम्मा दिने निर्णय गरियो ।

सागरमान महर्जन वडा अध्यक्ष वडा नं. ६	संयोजक
हेमन्त राज शाक्य वडा अध्यक्ष वडा नं. ४	सदस्य
राजेश कुमार अर्याल वडा अध्यक्ष वडा नं. ९	सदस्य
कोपिला न्यौपाने शिक्षा अधिकृत	सदस्य सचिव

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

देवनाथ गिरी
राजपत्रांकित अधिकृत



निर्णय नं. २१

तानसेन नगरपालिकामा २०७६ सालमा तथ्याङ्क लिई वितरण गर्न बाँकी रहेको गरिब घरपरिवार पहिचानको परिचय तत्काल वितरण गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २२

तानसेन नगरपालिका राजश्व परामर्श समितिबाट सिफारिस भई पेश हुन आएको समितिको बैठकको देहाय बमोजिमका निर्णय स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

१. यस पालिका भित्र भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सापास गर्नु पर्ने कानूनी व्यवस्थालाई कडाई साथ कार्यान्वयन गरिने छ, साथै व्यक्तिगत घर निर्माण गर्दा नगरपालिकालाई बुझाउनु पर्ने नक्सापास दस्तुर बराबरको रकम धरौटी खातामा जम्मा गर्नु पर्ने छ । उक्त खातामा जम्मा भएको धरौटी रकम ४ वर्ष भित्र निर्माण सम्पन्न भएमा ७० प्रतिशत रकम सम्बन्धित घरधनीलाई फिर्ता गरी ३० प्रतिशत रकम सदर स्याहा गरिने छ । साथै ४ वर्षसम्म पनि निर्माण सम्पन्न नगरेमा सबै धरौटी रकम सदरस्याहा गरि राजश्व दाखिला गरिने छ ।

२. तानसेन नगरपालिकाले विगत वर्ष देखि नै विभिन्न मेला महोत्सव सञ्चालन गरी राजश्व संकलन गर्दै आएकोमा चालु आ.व. २०८३।०८४ मा तपशिलका मेला/महोत्सवको लागि न्यूनतम दररेट निर्धारण गर्ने निर्णय गरियो ।

१. तानसेन मेला महोत्सव रु.१ करोड कर सहित

२. रिङ्डी मेला महोत्सव रु. ५ लाख कर सहित


३. तानसेन नगरपालिकाको आर्थिक ऐन २०८३ को अनुसूची ११मा उल्लेखित विवरणको दररेट सहित पार्किङ शुल्कका लागि मिति २०८३।३।३२ प्रथम र २०८३।५।१ मा दोश्रो पटक न्यूनतम रु. ९,९०,०००। रकम राखी ठेक्का आह्वान गरिएकोमा कुनै पनि फर्म/सप्लायर्स/ठेकेदारबाट ठेक्का प्रस्ताव नगरिएकोले चालु आ.व. २०८३।०८४ को असार मसान्त सम्मको बाँकी अवधीको लागि न्यूनतम रु.६,६०,०००। कर सहितको दररेट निर्धारण गरियो ।


४.

- ❖ बहाल विटौरी कर सम्बन्धमा यस नगरपालिकाको आर्थिक ऐन २०८३ को अनुसूची १० मा उल्लेख भएका विषयमा तोकिएको दररेट अनुसार बहाल विटौरी कर लगाई संकलन गरिने छ ।
- ❖ यस पालिकाबाट "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्रको नविकरण प्रत्येक आर्थिक वर्षको असोज मसान्त सम्म र थप दस्तुर लिई पौष मसान्त भित्र नविकरण गर्न सकिने व्यवस्था भएकोमा **"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४** मा रहेकोमा विविध कारणले उल्लेखित समयमा नविकरण नभएका निर्माण व्यवसायीको इजाजत सोही कार्यविधि अनुसार नविकरण गर्न कानूनी बाधा उत्पन्न भएकोले सो कार्यविधि संसोधनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

तानसेन नगरपालिकाको आ.व. ०८३।०८४ मा विनियोजन भएको ५०।५० योजनाको लागि पूर्वाधार समितिको बैठक पश्चात सूचना प्रकाशन गर्ने निर्णय गरियो ।





निर्णय नं. २४

तानसेन नगरपालिकाभित्रका बेरोजगार सूचीमा सूचीकृत बेरोजगारहरुको देहाय बमोजिमको संख्या रहेकोमा आयोजना कार्यान्वयनमा खटाउने सम्बन्धमा बेरोजगारलाई कार्यस्थलमा पुग्नका लागि सहजता तथा कार्यको प्राथमिकताको आधारमा देहायका ६ वटा वडाहरुबाट आएको रोजगारीमा सूचिकृत बेरोजगारलाई नगरपालिकामा राष्ट्रिय रोजगार कार्यक्रम र नगरस्तरीय प्राप्त बजेट रकमबाट देहाय बमोजिम कार्य गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०८३।०८४ मा सुचिकृत व्यक्तिहरुको विवरण, रोजगार पाउने संख्या, दिन ,बजेट तथा स्रोत:

वडा नं	वडागत बेरोजगार संख्या	रोजगार पाउने जम्मा संख्या र दिन	विनियोजित बजेट	स्रोत
१	८	०	नेपाल सरकार संघीय सर्शत अनुदान रु.४,४७०००।- तथा स्थानियतहबाट रु.४,७७०००।- (जम्मा विनियोजित बजेट रु.९,२४०००।-) (१ दिनको ज्याला रु.७५४।-) मात्र	नेपाल सरकार संघिय सर्शत अनुदान तथा स्थानिय तह
२	०	०		
३	०	०		
४	०	०		
५	१९	३ (७० × ३ दिन)		
६	४८	३ (७५ × ३ दिन)		
७	१३	३ (५० × ३ दिन)		
८	२५			
९	१६	३ (७० × ३ दिन)		
१०	०	०		
११	१५			
१२	२१	३ (७०× ३ दिन)		
१३	०	०		
१४	१३	३ (७२× ३ दिन)		
जम्मा	१७८	१८ जना	रु.९,२४०००।-	

आयोजना

क.सं.	योजनाहरुको नाम	वडा नं.	स्रोत	विनियोजित रकम	कैफियत
१	सपाडुदी अर्चले अवल मोटरबाटो निर्माण ।	५	स्थानिय तह	१५८३४०	
२	बाटो मर्मत योजना	६	शर्सत	१६९६५०	कुन्सरे
३	पक्की कच्ची नाली सोर्ने,कमल पोखरी भित्र जल कुम्भी सोर्ने,	७	शर्सत	११३१००	
४	धोन्द्रेखोला गोठुवा गोरेटो बाटो सुधार,लक्ष्मीटकी रसगाग्री दमकडा बाटो, अम्लिहान भेडीचौर गोरेटो बाो निर्माण	९	स्थानिय तह	१५८३४०	
५	रिब्दीदेखी पोखराथोक जाने गोरेटो बाटो, लुडसार देखि नामिकुवा विद्यालय जाने गोरेटो बाटो मर्मत, हर्राबोट चोक देखी नामिकुवा विद्यालय जाने गोरेटो बाटो निर्माण ।	१२	स्थानिय तह	१५८३४०	

सन्तोष लाल श्रेष्ठ

६	रनुवा कोलाह चौर देखि वि.क. टोलसम्म बाल निर्माण गर्ने ।	१४	शर्सत	१६२८६४	
जम्मा				९,२०६३४	

निर्णय नं. २५

तानसेन नगरपालिका आ.व. ०८३।०८४ को वार्षिक नगर विकास योजना पुस्तिकाको क्र.श. ३०६ मा धोवीधारा पुर्व मिलनचोक वस्तीमा सडक निर्माण तथा स्तरोन्नती कार्य ता.न.पा. ७ हुनुपर्नेमा ता.न.पा वडा नं. ६ भई फरक परेकोले ता.न.पा. वडा नं. ७ कायम गर्नका लागि वडा नं. ७ वडा कार्यालयबाट सिफारिस भई आएकोले उक्त योजना वडा नं. ७ कायम गर्ने निर्णय गरियो ।

देवीलाल शिर्ष
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख